लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# लुम्बिनी प्रदेशको लैङ्गिक समानता नीति, २०८०

प्रदेश सरकारबाट २०८०।१६ मा स्वीकृत

## १. पृष्ठभूमी:

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत सेवामा समान पहुँच हुने र प्राप्त गर्ने विषयलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। महिला अधिकार लगायत विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिको अधिकार सुनिश्चित गरी राज्यबाट पाउनुपर्ने आधारभूत मानवीय सेवा सुविधाको समावेशी अवसर, पहुँच र उपभोगका लागि नैतिक तथा कानूनी रूपमा जवाफदेही शासन प्रणालीको सुनिश्चितता संविधानले गरेको छ। संविधानले सामाजिक, आर्थिक तथा शासकीय कारणले विभेद एवम् वन्चितिमा परेका ,सीमान्तकृत समुदायका व्यक्ति लगायत लैङ्गिक हिंसामा परेका र जोखिममा रहेका व्यक्तिको मानवीयस्तर बमोजिम बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गरेको छ। यसको कार्यान्वयनका लागि सङ्घीय शासन प्रणालीले सबै तहमा नागरिक सेवाप्रतिको राज्यका सबै तहको जवाफदेहिताका साथै नागरिकको आधारभूत सेवा प्राप्तिका लागि अधिकारमा आधारित व्यवस्था गरेको छ।

लैङ्गिक रुपमा उत्तरदायी तथा समावेशी शासन र विकासका लागि नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका लैङ्गिक समानता हासिल गर्ने प्रतिवद्धता एवम् यस सम्बन्धी घोषणाको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरेको छ। यी दस्तावेजले शासन र विकासका सबै क्षेत्रमा संघ देखि स्थानीय तहसम्म लैङ्गिक समानताका लागि रणनीतिगत, संरचनागत, पद्धतिगत तथा मनोव्यवहारगत सामर्थ्यसहित मुलुकमा लैङ्गिक समानता र समावेशिता हासिल गर्न प्रेरणा दिएको छ। सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने, नीतिगत, कानुनी र संस्थागत, सक्षमता र संवेदनशीलताका आधारमा लैङ्गिक उत्तरदायी र सक्षम शासनको प्रत्याभूति गर्ने, सबै प्रकारका लैङ्गिक हिंसा र विभेदको अन्त्य गर्ने तथा महिलाको आर्थिक र सामाजिक रुपान्तरण गर्ने उद्देश्य लिई राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ कार्यान्वयनमा आएको छ।

नेपालको लुम्बिनी प्रदेशले सारभूत समानता, अविभेद र राज्यको दायित्वसम्बन्धी विषयमा महिलाविरुद्ध सबैप्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, बेइजिंग कार्ययोजना, नेपालको आवधिक योजनामा उल्लिखित सिद्धान्त, प्राथमिकता, सोच तथा उद्देश्यलाई आत्मसात गरी प्रदेश तहको विकास र शासनलाई लैङ्गिक उत्तरदायी बनाउने, महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, लैङ्गिकताका आधारमा हुने सबैप्रकारका भेदभाव र हिंसाको अन्त्य गर्ने, महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने उद्देश्य सहित यो लैङ्गिक समानता नीति तर्जुमा गरेको छ।

## २. वर्तमान अवस्था

लुम्बिनी प्रदेशमा आर्थिक, सामाजिक, जनसांख्यिक तथा भौगोलिक विविधता विद्यमान छ। वि.सं.२०७८ को जनगणना अनुसार लुम्बिनी प्रदेशको कुल जनसंख्या ५१,२२,०७८ रहेको छ। जसमा महिला २२,६७,६७० (५२.०८ प्रतिशत) र पुरुष २४,५४,४०८ (४७.९२ प्रतिशत) रहेका छन् (केन्द्रय तथ्याङ्क विभाग, २०२१)। यो प्रदेशमा सामाजिक, साँस्कृतिक रुपमा विविधता हुनुको साथै बहुजातीय र बहुभाषिक संरचना रहेको छ। यस प्रदेशमा खसआर्य समुदाय २८.८४ प्रतिशत, मगर १५.५७प्रतिशत, दलित समुदाय



नि. सचिव

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

१५.११ प्रतिशत, थारु १४.२९ प्रतिशत र बाँकी अंश अन्य जातजातिको देखिन्छ। नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार प्रदेशको लैङ्गिक असमानता सूचकांक ०५६३ रहेको छ जुन नेपालको स्थिति . ५८७ भन्दा कम रहेको र सात प्रदेशमध्येको चौथो स्थानमा रहे.०को छ । लैङ्गिक तथा विकास सूचकाङ्कका आधारमा लुम्बिनी प्रदेशको स्थिति ०८८६ रहेको .९०१ रहेको छ भने नेपालको स्थिति ०. छ।

यस प्रदेशको ५ वर्षभन्दा माथिका जनसंख्यामा महिलाको साक्षरता ७१.७० प्रतिशत रहेको पाईन्छ भने पुरुषको ८५.२ प्रतिशत रहेको छ। त्यसैगरी १५ देखि ४९ वर्ष उमेर समुहका ३१ प्रतिशत महिलाले कुनैपनि औपचारिक शिक्षा प्राप्त गरेको पाईंदैन। १५ देखि ४९ वर्ष उमेर समुहका २२.५प्रतिशत महिलाले मात्र माध्यमिक तहभन्दा माथिको शिक्षा प्राप्त गरेका छन् । स्थानीय तहमा कुल वडा सदस्यको संख्या ४९१५ मध्ये महिलाको संख्या १९६६ रहेको छ। जसमा नगरपालिकाको प्रमुख १ जना, गाउँपालिकाको अध्यक्ष १ जना र दलित महिला सदस्यको संख्या ९८३ रहेको छ।

सरकारी बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई लुम्विनी प्रदेश सरकारले अवलम्बन गरेको छ। जुन कुल बजेटको २७.८७ प्रतिशत रहेको छ। महिलाको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि प्रथम पञ्चवर्षिय योजनामा महिला विकास तथा सशक्तीकरणको विषय समावेश गरिएको छ। लैङ्गिक हिंसा प्रभावित र मानव बेचबिखन तथा ओसार पसार प्रभावित महिलाहरुको संरक्षणका लागि सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७८ कार्यान्वयनमा आएको छ। सरकारको स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेटको कार्यान्वयनबाट महिलाहरुको नेतृत्व विकास, जिविकोपार्जन र सामाजिक रुपान्तरणमा सहयोग पुर्याई रहेको छ।

प्रदेश सरकारले शासन र विकासमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयलाई एकाकार तथा आत्मसात गर्ने गरी आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रमको घोषणा गरेको छ। प्रदेशको आ.व.२०८०।०८१ को वार्षिक बजेटले लैङ्गिक समानता र समावेशीकरणलाई प्राथमिकतामा राखेको छ। यसमा प्रदेशको शासन र विकासलाई लैङ्गिक दृष्टिले समतायुक्त र समावेशी तुल्याउन आवश्यक पर्ने नीतिगत व्यवस्था, संस्थागत सुधार, कार्यक्रम र बजेट व्यवस्था, कार्यान्वयनको संयन्त्र, आदि विषय समेटिएका छन्। लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नीतिगत स्पष्टतासहित प्रदेशको आवधिक योजनाको प्राथमिकता, कार्यक्रम र बजेटमा उल्लेख्य रुपमा समावेश गरिएको छ। तसर्थ, सोको प्रभावकारी कार्यान्वयनको प्रादेशिक प्रतिवद्धता पूरा गर्नका लागि संस्थागत र कार्यगत तत्परता र अग्रसरतालाई उपलब्धीमा आधारित, जवाफदेही, दिगो र सामञ्जस्ययुक्त तुल्याउन यो नीति अपरिहार्य देखिएको छ।

## ३.समस्या र चुनौती

प्रदेशमा महिलामाथि हुने संरचनागत तथा संस्कारगत विभेद कायमै रहेको, असमान शक्तिसम्बन्ध रहेको, लैङ्गिकतामा आधारित विभेद तथा हानिकारक अभ्यास, वालविवाह जस्ता महिला अधिकार हनन् हुने अवस्था यद्यपि गम्भीर समस्याका रुपमा रहेका छन्। लैङ्गिक समानताको स्थिति प्रष्ट्याउने पर्याप्त खण्डीकृत तथ्याङ्कको कमी, नीति, योजना तथा कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण गर्ने कमजोर क्षमता, लैङ्गिक



प्र. सचिव

प्रमुख सचिव

उत्तरदायी बजेटको कमजोर कार्यान्वयन, विकासका साझेदारबीच समन्वयात्मक साझेदारीको अभाव रहेका छन्।

लैङ्गिक समानता हासिल गर्ने कार्यमा विद्यमान आर्थिक, सामाजिक तथा सांस्कृतिक, संरचनागत, मनोव्यवहारिक लगायत शासकीय तथा विकासात्मक सबै पक्षमा रहेका अवरोध तथा बाधा अडचनहरुलाई दिगो रुपमा व्यवस्थापन गर्नु, प्रदेश सरकारले लिएको नीति बमोजिम लैङ्गिक हिंसामुक्त प्रदेश निर्माण गर्नु, प्रदेशका सबै कानूनी, संस्थागत, संरचनागत व्यवस्था र कार्यक्रमलाई लैङ्गिक मैत्री बनाउनु र सोको प्रभावकारी कार्यान्वयन गर्नु, प्रदेशमा रहेको दाईजो, गौना-थौना जस्ता परम्परागत अभ्यासलाई हटाउने बाल विवाहको अन्त्य गर्नु, सामाजिक बिभेद र हानिकारक अभ्यासको अन्त्य गर्नु, प्रदेश र स्थानीय तहमा लैङ्गिक सवाललाई आन्तरिकिकरण र संस्थागत गर्नु, लैङ्गिक उत्तरदायी शासन व्यस्थालाई यथार्थपरक बनाउनु, किशोरीमाथि हुने सबै किसिमका बिभेदको अन्त्य गर्नु, उच्च शिक्षामा महिलाको पहुंच बृद्धि गर्दै लैजानु, मातृमृत्यु घटाउनु र लैङ्गिक मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौती हुन।

## ४. नीतिको आवश्यकता र औचित्य

सङ्घीय शासन प्रणालीमा संवैधानिक रुपमा नै प्रदेश सरकारलाई सामाजिक तथा आर्थिक रुपान्तरणका लागि आवश्यकता अनुसार नीति बनाउने, कार्यान्वयन गर्ने र उपलब्धी तथा नतिजाका आधारमा प्रदेशको प्रभावकारी उपस्थिति देखाउने अवसर र जिम्मेवारी प्रदान गरेको छ। "नीतिमा आधारित शासन "को मूलभूत मान्यतालाई आत्मसात गरी प्रदेशमा योजनावद्ध तथा विधिसम्मत रुपमा विकास तथा शासनलाई नेतृत्व प्रदान गर्न नीतिको अपरिहार्यता रहन्छ। प्रदेश सरकारको सामाजिक रुपान्तरणप्रतिको प्रतिवद्धतालाई यथार्थमा परिणत गर्न सबै क्षेत्रमा लैङ्गिक समानता हासिल गर्नुपर्ने आवश्यकता रहेको छ। लुम्बिनी प्रदेशमा लैङ्गिक समानता नीतिको आवश्यकता देहाय बमोजिम रहेका छन्:

(क) संविधानमा उल्लिखित लैङ्गिक समानता र महिलाको हक अधिकारको प्रत्याभूति तथा सो सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रतिवद्धताले सृजना गरेको राज्यको दायित्व पूरा गर्ने सम्बन्धमा प्रदेशलाई जवाफदेही र सक्षम तुल्याउन,

(ख) लैङ्गिक तथा सामाजिक रुपले प्रभावकारिता हासिल हुनेगरी सुशासन प्रवर्द्धन गर्न,

(ग) सोह्रौं योजना र प्रदेशको आवधिक योजनाले अपेक्षा गरेअनुरुप प्रदेशको अवसर र स्रोतसाधनमा लैङ्गिक समतायुक्त र समावेशी पहुँच सुनिश्चित गर्न,

(घ) लैङ्गिकतामा आधारित सबैप्रकारका विभेद र हिंसाको अन्त्य गर्न,

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा आधारित सार्वजनिक सेवाको प्रभावकारी वितरण गर्न,

(च) लैङ्गिक समानतामा आधारित लक्ष्य दिगो रुपमा हासिल गर्न,

(छ) प्रदेशको शासकीय तथा विकास प्रणालीमा सारभूत रुपमा लैङ्गिक समानता हासिल गर्न, रणनीति, योजना एवम् विकास कार्यक्रमलाई निर्देशित गर्न, समानतालाई प्रवर्द्धन गर्न।

नि. सचिव



प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ज) सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटको दिगो र प्रभावकारी रुपमा कार्यान्वयनबाट लैङ्गिक समानताको उपलब्धी हांसिल गर्न,

(झ) प्रदेशको सबै क्षेत्रलाई लैङ्गिक समतायुक्त र समावेशी बनाउन सरोकारवालाबीचको सहकार्य र साझेदारी प्रवर्द्धन गर्न।

(ञ) प्रदेश भित्रका स्थानीय तहमा आवधिक एवम् वार्षिक तथा क्षेत्रगत र दीर्घकालीन विकास योजना तर्जुमा गर्दा प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समवेशीकरण सम्बन्धी विषयलाई आ-आफ्नो योजनामा समावेश गर्न प्रोत्साहन गर्न ।

## ५.नीतिको मार्गदर्शक सिद्धान्त

यस नीति तर्जुमाको मार्गदर्शक सिद्धान्त देहाय बमोजिम रहेका छन्:

१. लैङ्गिक समानता
२. अधिकारमा आधारित दृष्टिकोण
३. लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण
४. लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, विभेद र वञ्चितीकरणको अन्त्य
५. लैङ्गिक उत्तरदायी तथा संवेदनशील शासन पद्धति
६. लैङ्गिक दृष्टिले अन्तरपक्षीय समताको सुनिश्चितता
७. सकारात्मक विभेद र लक्षित वर्गको संरक्षण
८. नीतिको स्थानीयकरण
९. बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी

## ६.दीर्घकालीन सोंच

सामाजिक न्याय र समतामा आधारित लैङ्गिक समानतायुक्त प्रदेश।

## ७.ध्येय

प्रदेशका सबै तह र क्षेत्रमा सारभूत लैङ्गिक समानता कायम गरी प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणको आधार निर्माण गर्ने।

## ८.लक्ष्य

प्रदेश भित्रका महिला तथा लैङ्गिक विभेदमा परेका सबै समुदायका व्यक्तिको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक एवम् मनोव्यवहारिक तवरले सशक्तीकरण गरी सारभूत लैङ्गिक समानताका आधारमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको स्थापना गर्ने ।

नि. सचिव

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## ९. उद्देश्य

प्रदेशको लैङ्गिक समानता नीतिका प्रमुख उद्देश्य देहायबमोजिम रहेका छन्:

उद्देश्य १. प्रदेश र स्थानीय तहको नीति, रणनीति, कानून, योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक मूलप्रवाहीकरण गर्नु।

उद्देश्य २. लैङ्गिक समानतामा आधारित महिला, बालिका एवम् यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिको सशक्तीकरण तथा विकासका लागि नीतिगत, कानुनी तथा संरचनागत क्षमता सुदृढ गर्नु।

उद्देश्य ३. महिला अधिकारमा आधारित लैङ्गिक उत्तरदायी शासन पद्धति सुनिश्चित गर्नु ।

उद्देश्य ४. लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्नु।

## १०. रणनीति

नीतिले लिएका उद्देश्य हासिल गर्नका लागि देहायका रणनीति कार्यान्वयनमा ल्याइनेछन्:

१. प्रदेशको नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत तहमा लैङ्गिक समानताको विषय मूलप्रवाहीकरण गर्ने। (उद्देश्य १)
२. स्थानीय तहमा नीतिको स्थानीयकरण गर्ने। (उद्देश्य १)
३. महिलाको मर्यादित श्रम तथा उत्पादनशील भूमिकाको उचित सम्मान र मूल्याङ्कनका लागि पद्धतिगत सुदृढीकरण गर्ने। (उद्देश्य २)
४. उद्यमशीलता र रोजगारी प्रवर्द्धनका साथै उत्पादनशील साधनस्रोत माथिको पहुँच वृद्धिको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने। (उद्देश्य २)
५. विकास र शासनका सबै क्षेत्रमा लैङ्गिक समता कायम गर्न सकारात्मक विभेदको पद्धति निर्माण गरी कार्यान्वयन गर्ने। (उद्देश्य २)
६. महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारको संरक्षणलाई सुदृढ तुल्याउने। (उद्देश्य३)
७. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने। (उद्देश्य ३)
८. लैङ्गिक लेखाजोखा र विश्लेषण गर्ने पद्धति संस्थागत गर्ने । (उद्देश्य३)
९. लैङ्गिक समानताका दृष्टिले कानुनी तथा प्रणालीगत व्यवस्थामा सुधार गर्ने। (उद्देश्य३)
१०. योजना, कार्यक्रम र बजेट प्रणालीलाई लैङ्गिक रुपमा संवेदनशील र उत्तरदायी बनाई नतिजामूलक कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने। (उद्देश्य३)
११. लैङ्गिक उत्तरदायित्व प्रणालीलाई सुदृढ र क्रियाशील तुल्याउने। (उद्देश्य३)
१२. लैङ्गिक हिंसा तथा विभेदको अन्त्यका लागि कानुनी र संस्थागत क्षमता सुदृढ गर्ने। (उद्देश्य ४)
१३. लैङ्गिक हिंसा प्रभावितका लागि प्रतिरोधात्मक, संरक्षणात्मक, उपचारात्मक तथा पुनर्स्थापना सेवाको विस्तार र कार्यान्वयन क्षमता सुदृढ गर्ने। (उद्देश्य ४)
१४. कार्यस्थलमा हुने लैङ्गिकतामा आधारित यौनजन्य दुर्व्यवहार तथा विभेदजन्य क्रियाकलाप प्रतिको शून्य सहनशीलता अवलम्बन गर्ने। (उद्देश्य ४)

नि. सचिव



प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

१५. मानव बेचबिखन तथा ओसारपसारको प्रभावकारी रुपमा रोकथाम तथा नियन्त्रण गर्ने। (उद्देश्य ४)

# ११. नीति तथा कार्यनीति

रणनीति १: प्रदेशको नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत तहमा लैङ्गिक समानताको विषय मूलप्रवाहीकरण गर्ने। (उद्देश्य १)

## नीति तथा कार्यनीति

(क) प्रदेश तहको नीति/रणनीति, योजना, संरचना, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय मूलप्रवाहीकरण गरिनेछ।

(ख) स्थानीय तहको नीति/रणनीति, योजना, संरचना, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय मूलप्रवाहीकरण गर्न प्रोत्साहित गरिनेछ।

(ग) प्रदेशको महिला तथा बालबालिकाको जिम्मेवारी रहेको मन्त्रालयको सँगठनात्मक क्षमता सुदृढ गरिनेछ।

(घ) सबै क्षेत्र र तहमा लैङ्गिकमैत्री र संवेदनशील दृष्टिकोण निर्माण गर्न प्राथमिक तहदेखि उच्च तहसम्मका शिक्षा प्रणालीलाई लैङ्गिक समतायुक्त तुल्याइनेछ।

(ङ) लैङ्गिक समानता हासिल गर्नका लागि प्राथमिकता कायम गरी योजना र कार्यक्रमका लागि साधन स्रोतको प्रक्षेपण गर्ने प्रणालीका साथै लगानी कार्य ढाँचाको विकास गरिनेछ।

(च) "कोही पनि छुट्नु हुँदैनको अवधारणामा आधारित रही सबै क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेटलाई लैङ्गिक दृष्टिले तर्जुमा गरी कार्यान्वयनमा ल्याउन समन्वय र सहजीकरण गरिनेछ।

(छ) प्रदेशका सबै मन्त्रालय र मातहतका निकाय लैङ्गिक सम्पर्क एकाइको स्थापना गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

(ज) लैङ्गिक समानताका लागि सबै क्षेत्रमा प्राथमिकता हासिल गर्ने गरी सूचना, शिक्षा र सञ्चारको कार्यनीति कार्यान्वयनमा ल्याइनेछ।

(झ) लैङ्गिक समानताको विषयलाई सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्नका लागि क्षेत्रगत रणनीतिक योजना कार्यान्वयनमा ल्याइनेछ।

(ञ) लैङ्गिक समानताका विषयलाई मूलप्रवाहीकरण गर्नका लागि बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्नुका साथै सामाजिक परिचालन गरिनेछ।

रणनीति २: स्थानीय तहमा नीतिको स्थानीयकरण गर्ने। (उद्देश्य १)

## नीति तथा कार्यनीति

(क) स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण गर्ने र लैङ्गिक उत्तरदायित्व बहन गर्ने क्षमताको लेखाजोखा र विश्लेषण गरिनेछ।

(ख) स्थानीय तहमा रणनीतिक योजना बनाई कार्यान्वयनमा ल्याउन समन्वय, सहकार्य, साझेदारी र सहजीकरण गरिनेछ।

सचिव

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ग) लैङ्गिक समानताका लागि स्थानीय तहमा संस्थागत संयन्त्रको निर्माण गर्न तथा क्रियाशील बनाउन सहयोग उपलब्ध गराइनेछ।

(घ) स्थानीय तहमा लैङ्गिक सम्पर्क तथा सहजीकरणको पद्धति स्थापित गरी क्षमता सुदृढ गरिनेछ।

(ङ) महिला तथा बालबालिकाको संरक्षण र विकासका लागि स्थानीय तहको संरचनाको संस्थागत क्षमता सुदृढ गरिनेछ।

(च) प्रदेश र स्थानीय तहबीच लैङ्गिक मूलप्रवाहीकरण गर्न संयुक्त रुपमा समन्वयका उपाय अवलम्बन गरिनेछ।

(छ) नीतिको स्थानीय तहमा प्रभावकारी कार्यान्वयनका लागि आमसञ्चार को भूमिका वृद्धि गरिनेछ।

(ज) स्थानीय तहमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सहभागितामा लैङ्गिक समानता मञ्च गठन गरी क्रियाशील तुल्याइनेछ।

रणनीति ३: महिलाको मर्यादित श्रम तथा उत्पादनशील भूमिकाको उचित सम्मान र मूल्याङ्कनका लागि पद्धतिगत सुदृढीकरण गर्ने। (उद्देश्य २)

## नीति तथा कार्यनीति

(क) महिलाले गर्ने विना ज्यालाका घरायसी काम वा कम ज्याला प्राप्त गरेका कामलाई मूल्याङ्कन गरी अर्थतन्त्रमा गरेको योगदानको गणना गर्ने परिपाटीको विकास गरिनेछ।

(ख) दुई पुस्ताको बीचको दोहोरो भूमिकामा रहेका कामकाजी महिलाको पहिचान गरी उनीहरुको पेशागत क्षमता विकास र कार्यवातावरण सकारात्मक बनाउन उपयुक्त उपाय अवलम्बन गरिनेछ।

(ग) अनौपचारिक तथा असङ्गठित क्षेत्रमा कार्यरत महिलाको तथ्याङ्क अद्यावधिक गरी श्रम संरक्षणका उपाय अवलम्बन गरिनेछ।

(घ) घरायसी काम तथा हेरचाहको काममा पुरुषको भूमिका बढाउँदै लैजाने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ङ) महिलाको श्रम र समय बचत हुने सेवासुविधा र प्रविधिको प्रयोग गर्ने वातावरण सृजना गरी सोको अवलम्बन गर्न अभिप्रेरित गरिनेछ।

रणनीति ४: उद्यमशीलता र रोजगारी प्रवर्द्धनका साथै उत्पादनशील साधनस्रोत माथिको पहुँच वृद्धिको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने। (उद्देश्य २)

## नीति तथा कार्यनीति

(क) प्राविधिक तथा व्यावसायिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ।

(ख) महिलाको उद्यमशीलता प्रवर्द्धन गर्नका लागि कार्यक्रमको विस्तार गरी कार्यान्वयन क्षमता सुदृढ गरिनेछ।

(ग) उद्योग व्यवसाय लगायत उत्पादनशील अवसर र स्रोतसाधनमा महिलाको स्वामित्व अभिवृद्धि गर्न वित्तीय प्रोत्साहनको प्रावधान कार्यान्वयन गरिनेछ।

सचिव



प्रमुख सचिव

(घ) उत्पादनमूलक सहकारीमा महिला वर्गको क्षमता अभिवृद्धि सहित सहभागिता बढाइनेछ।

(ङ) उद्योग व्यवसाय सञ्चालन गर्न महिला प्रवर्द्धित लगानीका लागि जीवन उपयोगी बजारको माग अनुसारको सीप र प्रविधिमा महिलाको पहुँच वृद्धि गरी वित्तीय सहुलियत उपलब्ध गराई प्रोत्साहन गरिनेछ।

(च) विपन्न, वञ्चितीमा परेका तथा सीमान्तकृत महिलाका लागि जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

(छ) महिलाको आर्थिक सशक्तीकरण एवम् उद्यमशीलता विकासका लागि महिला उद्यमशीलता विकास केन्द्रको स्थापना गरिनेछ।

(ज) स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण प्रणालीलाई संस्थागत गर्न समन्वय र प्रोत्साहन गरिनेछ।

(झ) प्रदेशभित्रका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा महिला उद्यमीलाई उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

(ञ) महिलालाई प्रदान गरिने रोजगारीका आधारमा उद्योग व्यवसायको वित्तीय प्रोत्साहनलाई विस्तार र बढोत्तरी गरिनेछ।

(ट) आर्थिक तथा व्यावसायिक क्रियाकलापमा महिला उद्यमीको जोखिम न्यूनीकरण गरिनेछ।

(ठ) आप्रवासी महिला श्रमिकको सुरक्षित आप्रवासनका लागि सेवा प्रणालीमा सुधार गरिनेछ।

(ड) अचल सम्पत्तिमा महिलाको स्वामित्वमा बढोत्तरीका लागि प्रोत्साहनका विशेष उपाय अवलम्बन गरिनेछ।

(ढ) विभिन्न प्राकृतिक विपद र महामारीबाट परेको वा पर्नसक्ने आर्थिक जोखिम तथा समस्याको समाधान गर्न महिलालाई रोजगारी सुरक्षा तथा जीवनयापन सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

(ण) प्रदेश तहमा सरकारी निकाय, विकासका साझेदार संस्था, गैरसरकारी संगठन तथा निजी व्यावसायिक संगठनको सहभागिता रहने गरी प्रदेश महिला आर्थिक मन्चको गठन गरी क्रियाशील तुल्याइनेछ।

रणनीति ५: विकास र शासनका सबै क्षेत्रमा लैङ्गिक समता कायम गर्न सकारात्मक विभेदको पद्धति निर्माण गरी कार्यान्वयन गर्ने। (उद्देश्य २)

## नीति तथा कार्यनीति

(क) लैङ्गिक समताका दृष्टिले सारभूत समानता कायम गर्न सकारात्मक विभेदका सम्भाव्य क्षेत्रको पहिचान गरी योजना र कार्यक्रम विस्तार गरिनेछ।

(ख) महिला तथा लैङ्गिक रुपले सीमान्तकृत समुदायका व्यक्तिको प्रदेश तथा स्थानीय तहको नीति निर्माण र निर्णयमा समानुपातिक सहभागिता वृद्धि गर्न प्रदेश कानुन निर्माण गरिनेछ।

(ग) वञ्चितीमा परेका तथा सीमान्तकृत महिलाको आर्थिक तथा सामाजिक स्थितिको नक्साँकन गरी तथ्याङ्क अद्यावधिक गरिनेछ।

(घ) विभेद, वञ्चिती र सीमान्तीकरणमा परेका महिला लगायतका समुदायलाई शासनको मूलप्रवाहमा ल्याउन सकारात्मक विभेदमा आधारित कार्यक्रम विस्तार गरिनेछ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ङ) सार्वजनिक सेवामा विपन्न, वञ्चितीमा परेका तथा सीमान्तकृत महिलाको सहभागिता वृद्धि गर्न तथा क्षमता बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(च) स्थानीय तहमा प्रतिनिधित्व गर्ने महिला जनप्रतिनिधिको नेतृत्व क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

(छ) प्रदेश तथा स्थानीय तहका पदाधिकारीलाई लैङ्गिक समानता र महिला सशक्तीकरणको विषयमा थप प्रशिक्षित तुल्याइनेछ।

(ज) विपन्न, वञ्चितीमा परेका तथा सीमान्तकृत महिलाको स्वास्थ्य संरक्षण सुनिश्चित गर्न सामाजिक स्वास्थ्य बीमा सेवाको विस्तार गरिनेछ।

रणनीति ६: महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारको संरक्षणलाई सुदृढ तुल्याउने। (उद्देश्य ३)

## नीति तथा कार्यनीति

(क) प्रदेश र स्थानीय तहका सवै स्वास्थ्य संस्थामा दक्ष प्रसूतिकर्मीको सेवा विस्तार गर्दै लगिनेछ।

(ख) गर्भवती महिलाहरूका लागि चेतनामूलक कार्यक्रम सञ्चालनका साथै गाउँघर क्लिनीक तथा शहरी स्वास्थ्य क्लिनिकको विस्तार गरी संस्थागत प्रसूति सेवा उपभोग गर्न प्रोत्साहन गरिनेछ।

(ग) अतिगरिब, सीमान्तकृत, विभेदमा परेका महिलालाई प्रजनन् स्वास्थ्य र सुरक्षित मातृत्व स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न प्रोत्साहनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) परिवार नियोजनका सेवा लगायत सुरक्षित गर्भपतन सेवाको विस्तार र उपयोग क्षमता सुनिश्चित गरिनेछ।

(ङ) किशोरीहरुलाई प्रजनन् स्वास्थ्यका विषयमा विद्यालयस्तरमा सचेतना अभिवृद्धि गरी उत्थानशीलता अभिवृद्धि गरिनेछ।

(च) अतिगरिब, सीमान्तकृत, विभेदमा परेका महिलाको प्रजनन् स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी अधिकारको संरक्षण गर्न बहुपोषण कार्यक्रम विस्तार गरिनेछ।

रणनीति ७: लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने। (उद्देश्य ३)

## नीति तथा कार्यनीति

(क) लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सामाजिक तथा आर्थिक स्थितिको पहिचान गरी तथ्याङ्क प्रणालीमा समाविष्ट गरिनेछ।

(ख) लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिले भोग्दै आएका समस्या, बाधाअड्चन तथा मनोव्यवहारिक कारणको पहिचान गरी समाधान गरिनेछ।

(ग) लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको विशेष आवश्यकताको पहिचान गरी उनीहरुका लागि आधारभूत मानव विकास सेवाका साथै आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

प्र. सचिव

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(घ) नीति निर्माण तथा निर्णय प्रणालीमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

(ङ) आधारभूत मानव विकास सेवामा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको पहुँच बढाउनका लागि मनोसामाजिक विमर्श सेवा उपलब्ध गराइनेछ।

रणनीति ८: लैङ्गिक लेखाजोखा र विश्लेषण गर्ने पद्धति संस्थागत गर्ने। (उद्देश्य ३)

## नीति तथा कार्यनीति

(क) लैङ्गिक समानताको दृष्टिकोणबाट लेखाजोखा र विश्लेषणका लागि तथ्य प्रमाणका आधार, विधि तथा प्रक्रियाको विकास गरिनेछ।

(ख) प्रदेश तथा स्थानीय तहको नीतिगत र संस्थागत व्यवस्था एवम् योजना र कार्यक्रमको लैङ्गिक लेखाजोखा र विश्लेषण गरिनेछ।

(ग) लैङ्गिक समानता उत्तरदायी र संवेदनशील हुने गरी सूचना प्रणालीको सुदृढीकरण गरिनेछ।

(घ) लैङ्गिक तथा सामाजिक रुपले खण्डीकृत तथ्याङ्कको संकलन, विश्लेषण र उपयोगलाई सुदृढ तुल्याइनेछ।

(ङ) लैङ्गिक संवेदनशील योजना र कार्यक्रमका साथै अनुगमन र मूल्याङ्कन लाई तथ्यमा आधारित तुल्याउन प्रलेख तथा सूचना स्रोत केन्द्रको स्थापना गरिनेछ।

(च) सबै प्रकारका आर्थिक तथा सामाजिक गणना एवम् सर्वेक्षणमा लैङ्गिक संवेदनशील सूचना र तथ्याङ्क एकीकृत गरिनेछ।

(छ) समुदायको अन्तरसमूहगत विश्लेषण गरी सोबाट लैङ्गिक स्थितिमा परेको प्रभावको आंकलन गर्ने पद्धति अवलम्बन गरिनेछ।

(ज) लैङ्गिक समानता सम्बन्धी दक्षता अभिवृद्धिका लागि ज्ञान तथा विज्ञ सजांलको विकास गरिनेछ।

रणनीति ९: लैङ्गिक समानताका दृष्टिले कानुनी तथा प्रणालीगत व्यवस्थामा सुधार गर्ने। (उद्देश्य ३)

## नीति तथा कार्यनीति

(क) प्रदेशमा तर्जुमा गरिने नयाँ कानुनलाई लैङ्गिकमैत्री र लैङ्गिक उत्तरदायी बनाइनेछ।

(ख) महिला, किशोरी, बालिका र यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

(ग) सार्वजनिक तथा निजी भौतिक संरचनाको लैङ्गिकमैत्री मापदण्ड र स्तर निर्माण गरी लागू गरिनेछ।

(घ) लैङ्गिकमैत्री र संवेदनशील कानुनी व्यवस्थाको कार्यान्वयनका लागि सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ।

(ङ) सार्वजनिक तथा निजीक्षेत्रबाट प्रदान गरिने आधारभूत सेवाप्रवाहलाई लैङ्गिक समानतायुक्त तुल्याइनेछ।

(च) लैङ्गिक समानतालाई महिला अधिकारका दृष्टिले स्थापित गर्न अधिकारमा आधारित दृष्टिकोण अवलम्बन गरिनेछ।

सचिव प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

रणनीति १०: योजना, कार्यक्रम र बजेट प्रणालीलाई लैङ्गिक रुपमा संवेदनशील र उत्तरदायी बनाई नतिजामूलक कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने। (उद्देश्य ३)

## नीति तथा कार्यनीति

(क) कार्यक्रम तथा बजेटको निर्माण र कार्यान्वयनका लागि प्रदेशको लैङ्गिक उत्तरदायी बजेट कार्यविधि निर्माण गरी लागू गरिनेछ।

(ख) कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी एवम् संवेदनशील बनाउन तथा नतिजामा आधारित कार्यान्वयनका लागि "लैङ्गिक मार्कर "विधिको निर्माण गरी उपयोग गरिनेछ।

(ग) प्रदेश तथा स्थानीय तहको कार्यक्रम तर्जुमा र बजेट निर्माणमा प्राथमिकता बमोजिम बजेटमा स्रोत बाँडफाँट गर्ने र कार्यान्वयन क्षमता सुदृढ तुल्याउन नागरिक समाजका तर्फबाट बजेट मागको बडापत्र प्रस्तुत गर्नका लागि समन्वय गरिनेछ।

(घ) कार्यक्रम र बजेटको निर्माण र कार्यान्वयनका लागि नमूना लैङ्गिक उत्तरदायी बजेट कार्यविधिसँग तादात्म्यता कायम हुने गरी स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट कार्यविधि निर्देशिका निर्माण गरी कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ।

(ङ) योजना, कार्यक्रम र बजेटको आवधिक तथा वार्षिक कार्यसम्पादनमा लैङ्गिक संवेदनशील रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली अवलम्वन गरिनेछ।

रणनीति ११: लैङ्गिक उत्तरदायित्व प्रणालीलाई सुदृढ र क्रियाशील तुल्याउने। (उद्देश्य ३)

## नीति तथा कार्यनीति

(क) योजना र कार्यक्रमको स्वतन्त्र लैङ्गिक परीक्षणको विधि संस्थागत गरी अनिवार्य रुपमा कार्यान्वयनमा ल्याइनेछ।

(ख) लैङ्गिक परीक्षणबाट प्राप्त सुधारका उपायलाई प्राथमिकताका आधारमा योजना, कार्यक्रम र बजेटको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन व्यवस्थामा सुधार गर्न उपयोग गरिनेछ।

(ग) लैङ्गिक समानताका दृष्टिले योजना र कार्यक्रमको कार्यान्वयनबाट लाभग्राहीले प्राप्त गरेको सारभूत फाइदा र प्रभाव मूल्याङ्कन गरिनेछ।

(घ) स्थानीय तहका कार्यक्रम र बजेटको सामाजिक परीक्षण गर्ने संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।

(ङ) शासन र विकासका सबै पक्षमा लैङ्गिक समानता हासिल भए नभएको नागरिकका तर्फबाट अनुगमन गर्न तथा सहकार्य प्रवर्द्धन गर्न नागरिक समाज एवम् गैरसरकारी संस्थाको संजाल र कार्यमञ्च को उपयोग गरिनेछ।

रणनीति १२: लैङ्गिक हिंसा तथा विभेदको अन्त्यकालागि कानुनी र संस्थागत क्षमता सुदृढ गर्ने। (उद्देश्य४)

नि. सचिव

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

नीति तथा कार्यनीति

(क) लैङ्गिक हिंसा र विभेदको अन्त्यका लागि स्थानीय तहको न्यायिक प्रणालीलाई सुदृढ र सक्षम तुल्याइनेछ।

(ख) लैङ्गिक हिंसा प्रभावित व्यक्तिका लागि प्रदेश तथा स्थानीय तहमा निःशुल्क कानुनी सहायता प्रणालीलाई सुदृढ गरिनेछ।

(ग) लैङ्गिक हिंसा प्रभावितका लागि व्यवस्था गरिने कोषमा बजेट मार्फत योगदान गर्ने रकम वृद्धि गरिनेछ।

(घ) स्थानीय तहमा लैङ्गिक हिंसा प्रभावितका लागि कोषको व्यवस्था गर्न स्थानीय तहलाई अभिप्रेरित गरिने छ।

(ङ) महिला, बालिका, किशोरी तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायका व्यक्तिहरुको न्यायमा पहुँचका लागि निःशुल्क कानूनी सहायताका विद्यमान नीति तथा कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ।

(च) हिंसाबाट प्रभावित एकम् एच.आइ.भी. संक्रमित महिलाको स्वास्थ्य संरक्षण तथा जीविकोपार्जन सहयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

रणनीति १३: लैङ्गिक हिंसा प्रभावितका लागि प्रतिरोधात्मक, संरक्षणात्मक, उपचारात्मक तथा पुनर्स्थापना सेवाको विस्तार र कार्यान्वयन क्षमता सुदृढ गर्ने। (उद्देश्य ४)

नीति तथा कार्यनीति

(क) महिला, किशोरी एवम् बालिका तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मर्यादाविपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलनविरुद्ध अभियान सञ्चालन गरिनेछ।

(ख) लैङ्गिक सम्बन्ध र भूमिकालाई मर्यादित र समानतामा आधारित तुल्याउन प्रोत्साहनात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गरिनेछ।

(ग) लैङ्गिक विभेद र हिंसाको अन्त्यका साथै लैङ्गिक समता प्रवर्द्धनका लागि पुरुषवर्गको सकारात्मक योगदान र सहभागिता अभिवृद्धि गरिनेछ।

(घ) महिला तथा बालबालिकाको कानुनी संरक्षण र अभियोजन गर्ने जिम्मेवारीलाई सशक्त तुल्याउन नेपाल प्रहरीको क्षमता अभिवृद्धि गरिनेछ।

(ङ) हिंसापीडित महिला तथा बालिकाको संरक्षण, उपचार तथा पुनर्स्थापनाका लागि संस्थागत व्यवस्था सदृढ गर्नुका साथै कार्यक्रम सञ्चालन गरिनेछ।

(च) "बालविवाह मुक्त लुम्बिनी प्रदेश "लाई प्रभावकारी तुल्याउन उत्थानशीलता अभिवृद्धिका सामाजिक परिचालनका लागि विभिन्न अभियानमूलक कार्यक्रम कार्यान्वयन गरिनेछ।

(छ) प्रदेशका सबै जिल्ला अस्पताल र प्रादेशिक अस्पतालमा लैङ्गिक हिंसापीडित तथा प्रभावितको स्वास्थ्य संरक्षण र उपचारका लागि संस्थागत क्षमतासहितको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरी लैङ्गिक हिंसा निवारणसम्बन्धी क्लिनीकल प्रोटोकलअनुसार सेवा सञ्चालन गरिनेछ।

नि. सचिव

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ज) प्रदेशका प्रत्येक जिल्लालाई केन्द्र मानी स्थानीय तहसँगको सहकार्यमा मापदण्डमा निर्धारित सुविधासम्पन्न "सुरक्षित गृह" तथा "पुनर्स्थापना केन्द्र" सञ्चालन गरिनेछ।

(झ) सबै प्रकारका लैङ्गिक हिंसा र विभेदविरुद्ध उत्थानशीलता विकासका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(ञ) सबैप्रकारका महामारी एवम् प्राकृतिक प्रकोपको समयमा हुन सक्ने लैङ्गिक हिंसाविरुद्ध बहुपक्षीय सेवा समन्वयात्मक रुपमा प्रदान गर्ने प्रणाली सुदृढ गरिनेछ।

(ट) सबै स्थानीय तहको पालिकामा लैङ्गिक हिंसा निवारणसम्बन्धी सम्पर्क व्यक्तिको जिम्मेवारी तोकिनेछ।

(ठ) अपाङ्गता भएका महिला, एचआइभी संक्रमित महिलाको स्वास्थ्य संरक्षण र उपचार सेवा सहज र सुदृढ तुल्याइनेछ।

(ड) लैङ्गिक हिंसा र विभेदविरुद्ध सामाजिक परिचालनका लागि सहकार्य र साझेदारी प्रवर्द्धन गरिनेछ।

(ढ) लैङ्गिक तथा यौनजन्य हिंसाप्रभावित व्यक्तिका लागि रोजगारी, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

(ण) प्रदेश र स्थानीय तहमा द्वन्दप्रभावित महिलालाई राष्ट्रिय कार्ययोजना बमोजिम सबै तह र क्षेत्रका कार्यक्रममा मूलप्रवाहीकरण गरी संरक्षण, उपचार तथा पुनर्स्थापनाका लागि संस्थागत व्यवस्था तथा कार्यक्रम सञ्चालन गर्न समेत प्रोत्साहित गरिनेछ।

(त) सामुदायिक विद्यालयका किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

(थ) महिला, बालिका, किशोरी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गका लागि आवश्यक्तानुसार सरोकारवालाहरु सँगको सहकार्यमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

(द) कारागारमा रहेका महिला तथा निजसँग आश्रित बालबालिकाहरुको हकहित र संरक्षणका लागि पहल गरिनेछ।

रणनीति १४: कार्यस्थलमा हुने लैङ्गिकतामा आधारित यौनजन्य दुर्व्यवहार तथा विभेदजन्य क्रियाकलाप प्रतिको शून्य सहनशीलता अवलम्बन गर्ने। (उद्देश्य ४)

## नीति तथा कार्यनीति

(क) रोजगारीमा संलग्न महिलाका लागि सकारात्मक र अनुकूल कार्य वातावरण निर्माण गरिनेछ।

(ख) महिला कामदारका लागि मर्यादित श्रम सुनिश्चित गर्न सरकार, रोजगारदाता तथा कामदारको संगठनबीच सहकार्य गरिनेछ।

(ग) कार्यस्थलमा महिलाविरुद्धका हिंसा, विभेद र यौन दुर्व्यवहारको रोकथाम र नियन्त्रण गर्न आचारसंहिता लागु गरिनेछ।

(घ) कार्यस्थलमा स्तनपान कक्ष र प्रदेशस्तरीय दिवा शिशु स्याहार केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

रणनीति १५: मानव बेचबिखन तथा ओसारपसारको प्रभावकारी रुपमा रोकथाम तथा नियन्त्रण गर्ने। (उद्देश्य ४)

सचिव



प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

नीति तथा कार्यनीति

(क) बेचविखन तथा ओसारपसारका दृष्टिले अति जोखिममा परेका र जोखिममा पर्नसक्ने महिला, बालिका, किशोरी तथा अन्य लक्षित वर्गको पहिचान गरी पारिवारिक तथा सामाजिक संरक्षणको कार्यलाई प्रवर्द्धन गरिनेछ।

(ख) मानव बेचबिखन तथा ओसारपसारको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा संलग्न निकायहरुको व्यावसायिक दक्षता अभिवृद्धि गरिनेछ।

(ग) मानव बेचबिखन तथा ओसारपसार कार्यको रोकथाम तथा नियन्त्रणका लागि अनुसन्धान एवम् कानुन कार्यान्वयन गर्ने निकायको क्षमता अभिवृद्धि गरिनेछ।

(घ) प्रदेश, स्थानीय तह तथा मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको कार्यमा संलग्न निकायहरु बीचको सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ।

(ङ) बेचविखन तथा ओसारपसारको कार्यबाट प्रभावित तथा जोखिममा रहेका व्यक्तिका लागि उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

## १२. नीति कार्यान्वयनको संस्थागत व्यवस्था

यस नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने व्यवस्थाका साथै प्रदेश सरकारका सम्बन्धित निकायले योजना, कार्यक्रम र बजेटमार्फत आन्तरिकीकरण गरी मूलप्रवाहीकरण गर्ने छन्। साथै प्रदेश तथा स्थानीय तहले नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्रको निर्माणका साथै कार्यप्रणालीको स्थापना गरी क्रियाशील तुल्याउने छन्। प्रदेशको यस नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहमा निर्देशन, समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको तहगत संरचनाको व्यवस्था गरिनेछः

१. प्रदेश तहमा लैङ्गिक समानता निर्देशन समिति रहनेछ। उक्त समितिको गठन देहाय बमोजिम गरिनेछ।

| | | |
|---|---|---|
| (क) | माननीय मुख्यमन्त्री वा निजले तोकेको मन्त्री | संयोजक |
| (ख) | प्रमुख सचिव, लुम्बिनी प्रदेश | सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, आर्थिक मामिला विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | सचिव, स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय | सदस्य |
| (छ) | सचिव, प्रदेश योजना आयोग | सदस्य |
| (ज) | प्रमुख, प्रदेश प्रहरी कार्यालय | सदस्य |
| (झ) | सचिव, सामाजिक क्षेत्र हेर्ने मन्त्रालय | सदस्य सचिव |

१.१. उपर्युक्त समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका व्यक्ति एवम् विषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

१.२. समितिको बैठक एक वर्षमा कम्तिमा तीन पटक बस्नेछ ।

२. निर्देशन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

नि. सचिव



प्रमुख सचिव

(क) प्रदेशका  कानून, नीति तथा कार्यबिधि निर्माण गर्दा लैङ्गिक समानता प्रबर्द्धनका लागि नीतिगत मार्ग निर्देशन गर्ने ।

(ख) नीतको प्रभावकारी कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन गर्ने विधि तथा संयन्त्र निर्धारण गर्ने ।

(ग) नेपाल पक्ष रहेका लैङ्गिक समानता र महिला अधिकारसँग सम्बन्धित महासन्धि, सम्झौता, दस्तावेजहरुको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने/ गराउने ।

(घ) राष्ट्रिय लैङ्गिक समानता नीति र प्रदेशको लैङ्गिक समानता नीति कार्यान्वयन बीच एकरुपता ल्याउन नीति कार्यान्वयन तथा अनुगमन समितिलाई आवश्यक सहजीकरण गर्ने ।

(ङ) नीति कार्यान्वयनका लागि सम्बद्ध सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था परिचालन तथा समन्वय एवं सहयोगको आदान प्रदान गर्ने ।

(च) प्रदेश सरकारद्धारा सञ्चालित कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने ।

(छ) नीति कार्यान्वयनका लागि प्रदेशस्तरीय समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

(ज) अनुगमन तथा कार्यान्वियन समितिको सुझावको समेत समीक्षा गरी नीतिको समयसापेक्ष सुधारका लागि सुझाव प्रदान गर्ने ।

३. नीतिको कार्यान्वयनमा क्षेत्रगत, तहगत तथा विषयगत रुपमा समन्वय गर्न प्रदेश तहमा देहाय बमोजिमको समन्वय तथा कार्यान्वयन समितिको गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| (ख) | सचिव, सामाजिक क्षेत्र हेर्ने मन्त्रालय | सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (घ) | सचिव वा निजले तोकेको नवौं/दशौं तहको अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, वा निजले तोकेको नवौं/ दशौं तहको अधिकृत प्रतिनिधि, आर्थिक मामिला विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | सचिव वा निजले तोकेको नवौं/दशौं तहको अधिकृत प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | सदस्य |
| (छ) | सचिव, वा निजले तोकेको नवौं/ दशौं तहको अधिकृत प्रतिनिधि, प्रदेश योजना आयोग | सदस्य |
| (ज) | प्रदेश प्रहरी प्रमुख वा निजले तोकेको कम्तीमा एक तह मुनीको प्रतिनिधि | सदस्य |
| (झ) | लैङ्गिक समानताको क्षेत्रमा कार्यरत नागरिक समाज वा गैरसरकारी संस्थाको सञ्जालका तर्फबाट मन्त्रालयले मनोनित गरेको महिला प्रतिनिधि तीन जना | सदस्य |

३.१ समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ तर दुई बैठकका बीचमा तीन महिनाभन्दा बढीको अन्तर रहने छैन। समितिको बैठकको कार्यसञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३.२ नीतिको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थापकीय तथा प्राविधिक तहमा समन्वय गर्नका लागि समन्वय तथा निर्देशन समितिले प्राविधिक कार्यसमूह गठन गर्न सक्नेछ। समन्वय तथा कार्यान्वयन समितिको सदस्य सचिवले प्रदेश तहमा लैङ्गिक सम्पर्क व्यक्तिका रुपमा जिम्मेवारी निर्वाह गर्नेछन्।

नि. सचिव

प्रमुख सचिव

४. समन्वय तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन:

(क) लैङ्गिक समानता नीति कार्यान्वयनको लागि आवश्यक सहयोग र समन्वय गर्ने ।

(ख) प्रदेशको शासकीय संयन्त्र र योजना तथा बजेटमा लैङ्गिक उत्तरदायी बजेट समावेश गर्न प्रोत्साहित गर्ने ।

(ग) प्रदेशका सबै मन्त्रालय र मातहतका निकायको योजना निर्माण गर्दा लैङ्गिक समानता प्रबर्द्धन हुने गरी निर्माण गर्ने/गराउने ।

(घ) नीतिको प्रभावकारी कार्यान्वयन गर्ने / गराउने।

(ङ) प्रदेश तहमा लैङ्गिक समानता हासिल गर्न नीतिगत, व्यवस्थापकीय तथा कार्यगत जिम्मेवारीमा संलग्न जनशक्तिको क्षमता अभिबृद्धि गर्न प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने/ गराउने तथा लैङ्गिक दृष्टिले समन्वय र सहजीकरण गर्न सक्षम र दक्ष जनशक्ति तयार गर्ने गराउने ।

(च) स्थानीय तहको लैङ्गिक नीति निर्माणमा सहजीकरण, कार्यान्वयनका लागि क्षमता विकासमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(छ) प्रदेश तहका विभिन्न मन्त्रालय तथा निकायमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता सुदृढ गर्न तथा संस्थागत गर्न कार्यक्रम कार्यान्वयन गराउने।

(ज) लैङ्गिक संवेदनशील तथ्याङ्क र सूचना प्रणाली सुदृढ गरी क्रियाशील तुल्याउने ।

(झ) निर्देशन समिति र स्थानीय तहको समन्वय तथा सहजीकरण समितिको बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

(ञ) नीतिको समीक्षा गरी समयसापेक्ष सुधारका लागि निर्देशन समितिलाई सिफारिस गर्ने।

(ट) प्रदेश सरकार र स्थानीय सरकारद्धारा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने।

५. लैङ्गिक समानता हासिल गर्नका लागि स्थानीय तहमा देहाय बमोजिमको समन्वय तथा सहजीकरण समितिको गठन गरिनेछः

| | |
|---|---|
| (क) प्रमुख/अध्यक्ष, सम्बन्धित स्थानीय तह | संयोजक |
| (ख) संयोजक, सामाजिक विकास समिति, सम्बन्धित स्थानीय तह | सदस्य |
| (ग) प्रमुख, स्वास्थ्य शाखा/महाशाखा | सदस्य |
| (घ) प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा/महाशाखा | सदस्य |
| (ङ) प्रमुख, शिक्षा, युवा तथा खेलकूद शाखा/महाशाखा | सदस्य |
| (च) स्थानीय तहको कार्यपालिकाका विषयगत शाखा/ महाशाखा प्रमुख | सदस्य |
| (छ) लैङ्गिक समानताको क्षेत्रमा कार्यरत नागरिक समाज, गैरसरकारी संस्थाको स्थानीय संजालका तर्फबाट स्थानीय तहले मनोनित गरेको महिला प्रतिनिधि तीन जना | सदस्य |
| (ज) प्रमुख, सामाजिक विकास महाशाखा | सदस्य सचिव |

(१) स्थानीय तहको समन्वय तथा सहजीकरण समितिले आफ्नो बैठकमा आवश्यकतानुसार अन्य सम्बन्धित निकायका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सक्नेछ।

नि. सचिव



प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(२) स्थानीय तहको समन्वय तथा सहजीकरण समितिको बैठक बर्षको कम्तीमा ३ पटक बस्नेछ तर दुई बैठकका बीचमा दुई महिनाभन्दा बढीको अन्तर रहने छैन। समितिको बैठकको कार्यसञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तहको समितिलाई प्राविधिक तथा व्यवस्थापकीय विषयमा सहयोग प्रदान गर्न र परामर्श दिनका लागि स्थानीय तहको सामाजिक विकास/महिला तथा बालबालिका शाखा/महाशाखा प्रमुखको संयोजकत्वमा सम्वद्ध निकायका कर्मचारी सम्मिलित एक प्राविधिक समूह स्थानीय तहले गठन गरी काम, कर्तव्य र जिम्मेवारी प्रदान गर्न सक्नेछ।

(४) स्थानीय तहको लैङ्गिक समानता समन्वय तथा सहजीकरण समितिको सदस्य सचिवले नै स्थानीय तहमा लैङ्गिक सम्पर्क व्यक्तिका रुपमा जिम्मेवारी निर्वाह गर्नेछन्।

६. स्थानीय तहको समन्वय तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहको लैङ्गिक समानता नीति तर्जुमामा सहयोग गर्ने ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयनका लागि लैङ्गिक उत्तरदायी बजेट विनियोजनको पहल गर्ने।

(ग) लैङ्गिक उत्तरदायी बजेट कार्यबिधि निर्माण र कार्यमान्वयनमा सहयोग गर्ने सहयोग गर्ने।

(घ) स्थानीय तहमा अन्तरनिकाय समन्वय र सहकार्य गर्ने गराउने ।

(ङ) स्थानीय तहमा लैङ्गिक समानता हासिल गर्न नीतिगत, व्यवस्थापकीय तथा कार्यगत जिम्मेवारीमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्न प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने/ गराउने ।

(च) लैङ्गिक दृष्टिले समन्वय र सहजीकरण गर्न सक्षम र दक्ष जनशक्ति तयार गर्ने/गराउने ।

(छ) लैङ्गिक सम्बेदनशील तथ्याङ्क र सूचना प्रणाली सुदृढ गरी स्थानीय तहमा क्रियाशील तुल्याउने।

(ज) लैङ्गिक समानताको उपलब्धी र प्रभावकारिताको सम्बन्धमा अनुगमन, मूल्याङ्कन, वार्षिक रुपमा समीक्षा तथा आवश्यक पृष्ठपोषण दिने ।

७. **वडास्तरमा लैङ्गिक समानता विषयको समन्वय र सहजीकरण गर्ने संयन्त्रः**

स्थानीय तहको वडाअध्यक्षको संयोजकत्वमा समिति गठन गर्नेछ। वडास्तरको समितिलाई मुख्यतया लैङ्गिक मूलप्रवाहीकरण गर्ने, महिला सहभागिताका लागि प्रोत्साहनात्मक कार्य गर्ने, लैङ्गिक हिंसाको रोकथाम तथा नियन्त्रण गर्ने, जोखिम र वञ्चितीमा परेका महिला, बालिका एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहको पहिचान गरी त्यस्ता समूहका व्यक्तिको समान अधिकार प्रत्याभूत गराउने, सामाजिक परिचालन गराउने जस्ता प्रमुख जिम्मेवारी उक्त समितिको रहनेछ।

७.१ वडास्तरमा लैङ्गिक समानताको विषयमा सम्पर्क व्यक्तिका रुपमा सो वडास्थित कार्यालयका तोकिएका कर्मचारीले जिम्मेवारी बहन गरी लैङ्गिक विषयसम्बन्धी सूचना र जानकारीको आदान प्रदान गर्नुका साथै आवश्यकता अनुसार सहजीकरण र सहयोग गर्नेछन्।

७.२ लैङ्गिक समानता नीति कार्यान्वयनका लागि स्थानीय तहले कार्यान्वयन संयन्त्र गठन गर्न सक्नेछन।

नि. सचिव

प्रमुख सचिव

## १३. कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि प्रदेश सरकारबाट आवश्यक कानूनी व्यवस्था मिलाईने छ र आवश्यक्ता अनुसार निर्देशिका, कार्यबिधि एवम् कार्यान्वयन कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ। यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय र सहजीकरणको भूमिका प्रदेशको लैङ्गिक समानता सम्बन्धी विषय हेर्ने मन्त्रालयले निर्वाह गर्नेछ ।

## १४. अनुगमन र मूल्याङ्कन व्यवस्था

(क) यस नीति कार्यान्वयनको प्रदेश तहको अनुगमन र मूल्याङ्कनको व्यवस्था मन्त्रालयले गरी नीतिसँग सम्बन्धित व्यवस्थापकीय र प्रणालीगत प्रभावकारिताको अनुगमन र मूल्याङ्कन र स्थानीय तहमा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(ख) प्रदेशमा लैङ्गिक तथा सामाजिक रुपले खण्डित स्थिति स्पष्ट देखिने गरी सूचना प्रणाली व्यवस्थित गरिनेछ।

(ग) प्रदेश तथा स्थानीय तहको नीति तथा विकास योजना र कार्यक्रमको आवधिक तथा वार्षिक कार्यसम्पादन समीक्षा गर्दा लैङ्गिक दृष्टिले समेत कार्यान्वयनको स्थितिको समीक्षा गरी नीतिको कार्यसम्पादन प्रगतिसँग आबद्ध गरिनेछ। वार्षिक समीक्षा तथा मूल्याङ्कनबाट प्राप्त नीति कार्यान्वयन सम्बन्धी पृष्ठपोषण तथा सुझावहरुलाई आगामी योजना तथा कार्यक्रम तर्जुमा गर्दा नीति तादात्म्य हुनेगरी समावेश गरिनेछ।

(घ) अनुगमन र मूल्याङ्कनलाई तथ्य र प्रमाणमा आधारित बनाउन लैङ्गिक तथा सामाजिक रुपले खण्डीकृत सूचना र तथ्याङ्कलाई संघ तह तथा स्थानीय तहसँग सामञ्जस्य कायम गर्ने गरी एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवश्यक परिमार्जन तथा सुदृढीकरण गर्नेछ।

(ङ) अनुगमन र मूल्याङ्कन कार्यलाई तथ्य र प्रमाण एवम् नतिजामा आधारित तुल्याउन नतिजामा आधारित प्रणाली अवलम्बन गरिनेछ। लैङ्गिक समानता नीति कार्यान्वयनका लागि निर्धारित उद्देश्य बमोजिमको नतिजा मापन गर्ने प्रमुख सूचक सहितको नतिजा अनुगमन ढाँचाको उपयोग गरिनेछ। सोही आधारमा यस नीतिको कार्यान्वयन नतिजाको समीक्षा तथा मूल्याङ्कन गरिनेछ।

## १५. पुनरावलोकन र परिमार्जन

यो नीतिको कार्यान्वयन अवधि कार्यान्वयन भएको मितिले पाँच वर्षको हुनेछ। प्रदेश विकास समस्या समाधान समितिको बैठकमा नीतिको कार्यान्वयनको उपलब्धी समीक्षा गरिनेछ। उक्त समिक्षाबाट प्राप्त सुझाव समेतका आधारमा प्रत्येक पाँच वर्षमा प्रदेश सरकारले यस नीतिमा गरिएका व्यवस्थामा समसामयिक सुधार, थपघट, संशोधन वा हेरफेर गरी कार्यान्वयन गर्नेछ।

## १६. सम्भावित जोखिम न्यूनीकरण योजना

१. यस नीतिको प्रकृति र स्वरुप वृहत तथा साझा सरोकारको विषय भएकोले कार्यान्वयनको क्रममा देहायका जोखिम हुन सक्ने अनुमान गरिएको छ :-

(क) लैङ्गिक समानता सम्बन्धी बुझाईमा एकरुपताको अभाव ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने ।

(ग) लैङ्गिक सवाल प्रदेश सरकार र स्थानीय तहबाट बजेट सुनिश्चततामा कमी हुन सक्ने ।

(घ) लैङ्गिक विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्ने।

(ङ) राज्यका विभिन्न निकायका बीच नीति कार्यान्वयनका लागि आ-आफ्नो भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने ।

२. जोखिम न्यूनीकरणका उपायहरु

(क) यस नीतिले प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको भूमिका र कार्य जिम्मेवारी सहितको कार्यान्वयन कार्ययोजना तयार गरी लागु गरिनेछ।

(ख) सवल वातावरणको निर्माण गर्ने, नीति कार्यान्वयनका लागि प्रदेशभित्रका स्थानीय तहको संस्थागत सक्षमताको विकास गर्ने, सार्वजनिक क्षेत्रमा मानव विकास सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चित गर्न प्रोत्साहनमूलक उपायहरुको अवलम्बन गरिनेछ ।

(ग) बहुपक्षीय सहभागिताका लागि सहकार्य र साझेदारी प्रवर्द्धन गर्न निरन्तर पहल गर्ने, नीतिको स्थानीयकरणका लागि संस्थागत सुदृढीकरणका साथै समन्वय र सहकार्यमा जोड दिईनेछ।

(घ) प्रदेशको समग्र विकासमा लैङ्गिक समानता बारे अध्ययन, विश्लेषण, आवश्यक्ता अनुसार सहजीकरण गर्न मन्त्रालयमा एक विज्ञ समुह निर्माण गरी नीतिको अध्ययन, विश्लेषण र समीक्षा गरिनेछ।

नि. सचिव

प्रमुख सचिव